बैठक संख्या - ५६

आज मिति २०८२।०७।१६ गते काठेखोला गाउँपालिकाका अध्यक्ष श्री राजु थापा ज्यूको अध्यक्षतामा बसेको गाउँ कार्यपालिकाको बैठकमा निम्न बमोजिमको उपस्थिति र देहाय बमोजिम निर्णय भयो।

उपस्थिति :-

| | |
|---|---|
| १. श्री राजु थापा | - अध्यक्ष |
| २. श्री तेज बहादुर थापा | - उपाध्यक्ष |
| ३. श्री खडक बहादुर थापा | - वडा अध्यक्ष वडा नं. १ |
| ४. श्री | - |
| ५. श्री कुल बहादुर वि.क. | - वडा अध्यक्ष वडा नं. ३ |
| ६. श्री लक्ष्मण पुन | - वडा अध्यक्ष वडा नं. ४ |
| ७. श्री श्याम नाथ कँडेल | - वडा अध्यक्ष वडा नं. ५ |
| ८. श्री बृहस्पति शर्मा | - वडा अध्यक्ष वडा नं. ६ |
| ९. श्री प्रेम बहादुर जि.सी. | - वडा अध्यक्ष वडा नं. ७ |
| १०. श्री प्रशानन्द कँडेल | - वडा अध्यक्ष वडा नं. ८ |
| ११. श्री टिका संग्राम वि.क | - कार्यपालिका सदस्य |
| १२. श्री भुमा देवी पुन | - कार्यपालिका सदस्य |
| १३. श्री सुन्तली वि.क. | - कार्यपालिका सदस्य |
| १४. श्री पूर्णमाया सुनार | - कार्यपालिका सदस्य |
| १५. श्री गीता देवी वि.क. | - कार्यपालिका सदस्य |
| १६. श्री देवी थापा मगर | - कार्यपालिका सदस्य |
| १७. श्री उत्तम पौडेल | - नि. प्र. प्र. अ. |

अन्य उपस्थिति :

१. मनोज कार्की — प्रशासन शाखा प्रमुख

**निर्णयहरु :-**

१. नेपाल सरकारको मिति २०८२-०४-१४ गतेको नेपाल राजपत्रमा प्रकाशित सूचना बमोजिम संशोधन भएको "राष्ट्रिय परिचय पत्र **तथा** पञ्जिकरण ऐन २०७६" अनुसारको नियमावली हालसम्म पनि संशोधन भई नआएको र शैक्षिक शत्र २०८२ मा SEE दिने विद्यार्थीहरुको व्यक्तिगत घटना दर्ता (जन्म दर्ता) मा विवरण संशोधन हुन नसके परीक्षा दिनबाट बञ्चित हुने भनी विद्यालयहरुले बारम्बार संशोधनको लागि अनुरोध गर्दै आएकोले तत्कालको लागि नियमावली नआउने वा अर्को व्यवस्था नभएसम्म तपसिल बमोजिम हुने गरी कार्यालयमा अभिलेख राखी व्यक्तिगत घटना दर्ता प्रमाण पत्रमा एक पटकको लागि संशोधन गरी दिन स्थानीय पञ्जिकाधिकारीहरुलाई निर्देशन गर्ने निर्णय गरियो । व्यक्तिगत घटना दर्ता सच्याउने आधारहरु :

१) व्यक्तिगत घटना दर्तामा नाम वा उमेर सच्याउनको लागि नेपाली नागरिकताको प्रमाण पत्र र शैक्षिक प्रमाण पत्र दुवैमा

रहेको नाम र उमेर मिल्ने गरी मात्र संशोधन गरि दिने ।

२) उमेर १६ वर्ष नपुगेको हकमा अस्पतालको जन्म प्रमाणीकरण प्रमाण पत्र वा खोप कार्डको आधारमा विवरण संशोधन गरि दिने ।

३) शैक्षिक सत्र २०८२ मा SEE दिने विद्यार्थीहरुको जन्म दर्ताको हकमा जन्म दर्ता प्रमाण **पत्र** र विद्यालयको अभिलेखमा फरक पर्नुको कारण सहितको विद्यालयलको सिफारिसको आधारमा

२. मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, गण्डकी प्रदेश, पोखराको मिति २०८२/०६/२८ गतेको प्रकाशित सूचना अनुसार चालु आ.व. २०८२/०८३ को नवप्रवर्तन साझेदारी परियोजना कार्यान्वयनका लागि यस पालिकावाट **"विद्यार्थी केन्द्रित विद्यालय फलफूल बगैंचा कार्यक्रम"** का लागि तयार भएको रु १९५०००००।– अक्षरुपी एक करोड पन्चानब्बे लाख रुपैयाको प्रस्ताव कार्यपालिका वैठकवाट स्वीकृत गरि मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, गण्डकी प्रदेश, पोखरामा पेश गर्ने, प्रस्ताव स्वीकृत भएको खण्डमा साझेदारी वापतको ३० प्रतिशत रकम काठेखोला गाउँपलिका गाउँ कार्यपालिकाको कार्यालयवाट ब्यबस्थापन गर्ने निर्णय गरियो । साथै परियोजना सम्पर्क व्यक्तिमा यस कार्यालयको कृषि सेवा शाखामा कार्यरत कृषि स्नातक प्राविधिक कर्मचारी श्री अग्नी कँडेललाई तोक्ने र तपसिल बमोजिम नवप्रवर्तन साझेदारी परियोजना कार्यक्रम कार्यान्वयन समिति गठन गर्ने निर्णय गरियो ।

तपसिलः-

१. श्री लक्ष्मण पुन (वडा अध्यक्ष वडा नं. ४) - संयोजक
२. श्री खडक बहादुर थापा (वडा अध्यक्ष वडा नं. १) - सदस्य
३. श्री ज्ञाम नाथ कँडेल (वडा अध्यक्ष वडा नं. ५) - सदस्य
४. श्री प्रेम बहादुर जि.सी. (वडा अध्यक्ष वडा नं. ७) - सदस्य
५. श्री पूर्णमाया सुनार (कार्यपालिका सदस्य) - सदस्य

३. चालु आ.व. २०८२/०८३ का लागि स्वीकृत वार्षिक कार्यक्रमको कार्यान्वयनका लागी २०८२ कार्तिक मसान्तसम्म लागत ईस्टिमेट तयार गरी २०८२ मंसिर १५ गतेसम्म योजना सम्झौता गर्ने निर्णय गरियो।

४. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (८) बमोजिम भगिनी सम्बन्ध स्थापनाका लागि मिति २०८२/०८/०१ गतेदेखि २०८२ मंसिर २० गतेसम्मका लागि यस गाउँपालिकाका अध्यक्ष श्री राजु थापा ज्यूलाई अष्ट्रेलिया भ्रमणमा पठाउने निर्णय गरियो।

५. मिति २०८२/०७/२/१२ गतेदेखि लागु हुनेगरी यस काठेखोला गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयका प्रमुख प्रशासकीय अधिकृत श्री चूर्ण बहादुर कार्की अनिवार्य अवकाश हुनुभएको र तत्पश्चात कार्यालयको दैनिक कार्य गर्नको लागि यस कार्यालयका अधिकृत सातौ तहका कर्मचारी श्री उत्तम पौडेलले निमित्त प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी पाउनु भएकोमा प्रमुख प्रशासकीय अधिकृतको ब्यबस्था नहुन्जेल सम्मका लागि निमित्त प्रमुख प्रशासकीय अधिकृत श्री उत्तम पौडेललाई आर्थिक अधिकार सहित कार्यालय सुसञ्चालन गर्ने व्यबस्थाका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार, काठमाडौंमा अनुरोध गर्ने निर्णय गरियो।

६. चालु आ.व. २०८२/०८३ का लागि विनियोजित स्वीकृत वार्षिक कार्यक्रम मध्ये रु १० लाख भन्दा माथीका योजनाहरुको टेन्डर प्रकृया मार्फत अगाडी बढाउने निर्णय गरियो।

७. नेपाल सरकार सशर्त अनुदान तर्फको आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधि खरिद शिर्षकमा रहेको रकमबाट औषधि खरिद टेण्डर प्रकृया मार्फत अगाडी बढाउने निर्णय गरियो।

८. संघिय सरकार विशेष अनुदान र समपुरक अनुदान अन्तर्गत आ.व. ०८२/०८३, ०८३/०८४ र ०८४/०८५ सम्म लागु गर्ने गरी तपसिल बमोजिमका स्वीकृत रकम बराबरका योजनाको बोलपत्र आव्हान गर्ने निर्णय गरियो।

तपसिलः

क) संघिय सरकार विशेष अनुदान तर्फ – डाङ्ग्रेखोला डोठेपाटा पिडाल्ना सिंचाई योजना रु २,८५,००,०००।– (अक्षरुपी २ दुई करोड पचासी लाख)

ख) संघिय सरकार समपुरक अनुदान तर्फ – ढोलकाटे चोक-तंग्राम वडा कार्यालय भवन-सातलेस हुँदै धम्जा देउराली ताराखोला जोड्ने सडक स्तरोन्नति रु ६,९३,००,०००।– (अक्षरुपी छ करोड त्रियानब्बे लाख)